"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा,काठमाडौं
बागमती, प्रदेश, नेपाल

मिति :२०७८/०२/२०

सूचना नं. ८५

## नगरवासीहरुको लागि बूढानीलकण्ठ नगरपालिकाको अत्यन्त जरुरी सूचना

काठमाडौं उपत्यकामा नयाँ भेरियन्ट कोभिड - १९ महामारीको संक्रमण तीव्र रुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारको निर्णय, कोभिड - १९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ र स्थानीय प्रशासन ऐन , २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/२१ को आदेशलाई मिति २०७८/०२/२१ गतेदेखि मिति २०७८/०२/३१ गते सम्म काठमाडौं जिल्लाभर लागु हुने गरी काठमाडौ जिल्ला प्रशासन कार्यालयको देहाय बमोजिमका आदेश पूर्ण रुपमा पालन गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति/ संघ संस्था/ पेशाकर्मी/ व्यवसायी तथा आमनागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लघंन गरेमा प्रचलित कानुन अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल :

**१. सर्वसाधरणको आवतजावतको हकमा**

क. औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको कामका साथै अत्यावश्यक सेवा लिनु पर्दा बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्किने।

ख. दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दुरी कायम राख्ने।

ग. अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक पटक साबुन पानीले हात धुने र सेनिटाइजरको प्रयोग गर्ने।

**२. सभा सम्मेलन तथा नित्य पूजाको हकमा**

क. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लव, स्वीमिङ पुल ,सपिङ मल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, फुटसल, जिमखाना, पुस्तकालय, संग्रहालयमा मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारमा कार्यक्रम सञ्चालन गर्न नपाइने।

ख. खुला स्थानमा मानिसहरुको भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर आदि गर्न गराउन नपाइने।

ग. विवाह व्रतबन्धको हकमा बढीमा ७ जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने। होटल तथा पार्टी प्यालेसमा गर्न नपाउने।

घ. विवाह वा व्रतबन्धको हकमा १ वटा सवारी साधन (बेहुला बेहुली समेत) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्न पाउने।

ङ. पुजारीबाट हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु संचालन गर्न नपाइने।

उद्धव प्रसाद खरेल
प्रमुख



Scanned with CamScanner

टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

**३. शैक्षिक संस्था, कृषि, उद्योग तथा निर्माण कार्यको हकमा**

क. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, टयुसन सेन्टर, तालिम केन्द्र) संचालन गर्न गराउन साथै परीक्षाहरु संचालन गर्न गराउन नपाइने ।

ख. वैदेशिक अध्ययनमा जान चाहने विद्यार्थीहरुका लागि कुटनैतिक नियोग तथा अन्य निकायबाट हुने भिसा प्रकृयामा जिल्ला प्रशासन कार्यालयले सहजीकरण गर्ने ।

ग.नेपाल सरकारबाट जारी स्यास्थ्य मापदण्डको पूर्ण पालना गरी कुटनीतिक नियोगले अति आवश्यक परीक्षा तथा अन्तर्वार्ता गर्न सक्ने र सो कार्यका लागि जिल्ला प्रशासन कार्यालयले सहजीकरण गर्ने ।

घ. अत्यावश्क उद्योग संचालन तथा निमार्ण कार्यका लागि स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी कार्यस्थलमा नै श्रमिक कामदारको आवासीय व्यवस्था गरी संचालन गर्ने ।

ङ. ट्रान्सपोर्ट कम्पनीको हकमा औषधी तथा स्वास्थ्य उपकरण, अक्सिजन सिलिण्डर, अस्पतालको बेड, कृषि मल, बीउ तथा खाद्यान्न सामाग्री मात्र ढुवानी गर्दा स्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने ।

च. नेपाल सरकारबाट जारी गरेका स्यास्थ्य मापदण्डको पूर्ण परिपालना गरी कृषि कार्य गर्न सकिने ।

**४. अत्यावश्यक कार्यमा सवारी आवागमन जिल्ला प्रशासन कार्यालयबाट हुने सहजीकरण**

क. मृत्यु संस्कारमा लागि जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिन पेश गर्नु पर्ने कागजातको हकमा मृत्यु संस्कारमा लागि जानु पर्ने वा फर्किनु पर्ने अवस्थामा मृत्यु दर्ता प्रमाणपत्र वा सम्बन्धित वडामो सिफारिस परिचय खुल्ने कागजातको प्रतिलिपी सहित निवेदन पेश गर्ने ।

ख. बिरामी तथा कुरुवाको हकमा काठमाडौं जिल्ला भित्रका बिरामी तथा कुरुवाको अस्पतालको भर्ना कार्ड वा रिपोर्ट कार्डमा आधारमा १ जनाले आवतजावत गर्न पाउने र परिवारका सदस्य वा आफ्नत विरामी भै काठमाडौं बाहिर जानु पर्ने अवस्थामा बिरामीको रिपोर्ट /भर्ना कार्ड , परिचय खुल्ने कागजातको प्रतिलिपि सहित निवेदन पेश गर्ने ।

ग. सुरक्षा गार्डहरुको हकमा परिचय पत्र र पोशाक लगाएर डयुटी आवत जावत गर्न पाउने ।

**५. सार्वजनिक एवं निजी सवारी साधन सन्चालनको हकमा**

क. सार्वजनिक एवं निजी सवारी साधन सन्चालनमा मिति २०७८/०२/२१ गते बिहान १ बजे देखि मिति २०७८/०२/३१ गते राती १२:०० बजेसम्म यस नगरभित्र प्रवेशमा रोक लगाउने ।

ख. अत्यावश्यक सामाग्री बोकेका ढुवानीका सवानी साधन, बिरामी तथा कुरुवा (२ जना) बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरुक्ष निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन नगर भित्र प्रवेशमा रोक लगाउने ।

ग. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, विद्युत मर्मत सम्भार, स्वास्थ्य सम्बद्ध(औषधी, अक्सिजन सिलिण्डर), दूरसंचार, इन्टरनेट मर्मत, कार्गो, कुरियर तथा डाँक सेवा र फोहेरमैला व्यवस्थापन सम्बन्धि ढुवानी तथा यातायतातका साधममा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी संचालन गर्न पाउने ।

उद्धव प्रसाद खरेल
प्रमुख



Scanned with CamScanner

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा,काठमाडौं
बागमती प्रदेश, नेपाल

घ. तरकारी, फलफूल, दूध तथा दूग्धजन्य पदार्थ र सोको प्याकिङ सामाग्री, कुखुराको दाना, चल्ला र पशुपंछीजन्य पदार्थ, भेटनरी सम्बन्धी कार्य, ईन्धन, खाना पकाउने ग्यास, सरसफाईमा प्रयोग हुने साबुन/स्यानिटाइजर , प्रिन्ट तथा सरकारी छापाखाना लगायतका ढुवानी तथा यातायातका साधनमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी राति ०९:०० बजे देखि बिहान ०९:०० बजे सम्म न्यूनतम जनशक्ति प्रयोग गरी संचालन गर्न पाउने ।

ङ. अत्यावश्यक सेवा बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्था, बिमा लगायतका कार्यालयहरुको सेवा प्रवाह स्थगन गर्ने ।

च. सरकारी कार्यालय, सार्वजनिक संस्थान, बैंक, अन्य सम्पूर्ण वित्तीय संस्थाहरु, इन्टरनेट प्रदायक संस्था र दूरसंचार प्रदाय संस्थाका सवारी साधनको हकमा सम्बन्धित मन्त्रालयका सचिव तथा विभागीय प्रमुखले जारी गरेको पास तथा परिचय पत्रका आधारमा कार्यालयमा आवतजावतका गर्ने व्यवस्था मिलाउने ।

छ. निमार्ण सामाग्री ढुवानीका लागि सो को सवारी साधन राति ०९:०० बजे देखि सवहान ०९:०० बजे सम्म संचालन गर्न पाइने ।

**६. अत्यावश्यक खाद्य सामाग्रीको हकमा**

क. तरकारी, फलफूल , दूध डेरी, मासु, खानेपानी, ग्यास पसलहरु, किराना पसल र डिपार्टमेन्टल स्टोर (ग्रोसरी मात्र) बिहान ९ बजेसम्म मात्र खुला गर्ने । तरकारी तथा फलफूलको थोक बजारमा फुटकर बिक्री वितरण नगर्ने । स्थानीय ढुवानीका हकमा राति ०९:०० बजे देखि बिहान ०९:०० बजेसम्म मात्र गर्ने ।

ख. तरकारी, फलफूल, खाद्यान्न, दूध डेरी, मासु, खानेपानी, ग्यास पसलहरु, किराना पसल, डिपार्टमेन्टल स्टोर (ग्रोसरी मात्र), सवारी साधन मर्मतका लागि वर्कशपहरुले सामग्री किनबेच गर्दा कम्तिमा २ मिटरको भैतिक दूरस् कायम गर्ने, अनिवार्य रुपमा स्यानिटाइजर व्यवस्थ ागर्ने र स्वास्थ्य मापदण्ड पालना गर्नु पर्ने । यदि तोके बमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको अनुगमनको क्रममा भेटिएमा पसल बन्द गर्न समेत सकिने।

ग. सवारी साधन मर्मतका लागि वर्कशपहरु राति ०९:०० बजे देखि बिहान ०९:०० बजे समम संचालन गर्ने ।

घ. तोकिएको तरकारी बजार बाहेक अन्य सार्वजनिक स्थल/बाटोमा विक्रि वितरण गर्न रोक लगाउने ।

७. औषधी तथा स्वास्थ्य सामाग्री सम्बन्धि पसल जुनसुकै समय निर्वाध रुपमा संचालन गर्न पाइने ।

८. पत्रकार तथा सञ्चारकर्मीलाई सूचना विभागको प्रेस पासका आधारमा आवतजावतमा सहजीकरण गर्ने ।

९. निलो प्लेटका सवारी साधनको हकमा परिचयपत्र बाहक पदाधिकारी तथा कर्मचारीलाई सवारी पास आवशयक नपर्ने ।

१०. प्रिन्टिङ प्रेसमा काम गर्ने, सुरक्षा सम्बद्ध कर्मचारी तथा औषधी आपूर्ति गर्ने परिचय बाहक व्यक्तिको हकमा सम्बद्ध निकाय तथा आपूर्तिकर्ताको अनुमति पत्र भए सवारी पास नचाहिने ।

११. फुटपाथ तथा खुल्ला ठाउँ तथा ठेलागाडा वा साइकलमा संचालन हुने विभिन्न व्यापार व्यवसाय संचालन एवं कवाडी संकलन गर्न रोक लगाउने ।

१२. उल्लेखित आदेशको अवज्ञा गर्नेलाई कोभिड १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही हुने ।

उद्धव प्रसाद खरेल
प्रमुख



Scanned with CamScanner